राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ४२, जेठ २० गते शुक्रबार, २०७९ (03 June, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# माओवादी केन्द्रका जनप्रतिनिधिलाई दुईदिने प्रशिक्षण

## पार्टी अध्यक्ष प्रचण्डदेखि लीलामणिसम्मका नेताहरु प्रशिक्षक

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)ले गत वैशाखमा सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिलाई स्थानीय तहबाटै समाजवादको आधार तयार गर्न निर्देशित गर्ने उद्देश्यले दुईदिने प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ।

प्रशिक्षणमा स्थानीय सरकार सञ्चालन, सेवा प्रवाह, विकास निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, बजेट तथा कानून निर्माणलगायत विषयमा विज्ञहरूले प्रशिक्षण दिने माओवादी स्रोतले जानकारी दिएको हो।

दलका शीर्ष नेता एवं संघीयताविद्, अर्थतन्त्र विज्ञ, पूर्वमहान्याधिवक्ता, स्थानीय सरकार सञ्चालनका विज्ञ, पूर्वप्रशासकलगायतले विभिन्न विषयमा सहभागीलाई प्रशिक्षण दिने माओवादीले स्रोतले उल्लेख गरेको छ। कार्यक्रमबीच अघिल्लो कार्यकालमा उत्कृष्ट काम गरेका स्थानीय तहका प्रमुखहरूले आ-आफ्ना अनुभव आदानप्रदान गर्ने समेत माओवादी केन्द्रले जानकारी दिएको छ।

संघीय राजधानी काठमाडौंको कमलपोखरीस्थित पुरानो कुमारी हलमा बुधबार र बिहीबार गरी दुई दिनसम्म कार्यक्रम हुने जानकारी यसअघि नै पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव श्रीराम ढकालले जानकारी दिएका थिए। पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्ने कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुखसहित केही स्वन्तत्र रूपमा उम्मेदवारी दिएर निर्वाचित भएकालगायत दुईसय ६० जनप्रतिनिधि र पार्टीका शीर्ष नेता एवं पूर्वस्थायी समिति सदस्य सहभागी हुनेछन्।

उद्घाटन सत्रबीच अध्यक्ष प्रचण्ड र नेता नारायणकाजी श्रेष्ठले सहभागीलाई राजनीतिक प्रशिक्षण दिने कार्यक्रमको पहिलो दिन 'स्थानीय सरकारको कानूनी क्षेत्राधिकार, काम, कर्तव्य र अधिकार' विषयमा

क्रमशः अन्तिम पृष्ठमा

# गणतन्त्रको रक्षा र विकासमा लाग्नोस् : प्रचण्ड




**काठमाडौं ।** गणतन्त्र दिवस-२०७९ का अवसरमा शुभकामना दिँदै नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, विकास र सुदृढीकरणका लागि एकताबद्ध भएर अघि बढ्न अपिल गरेका छन्। परिवर्तन र अग्रगमनसहित संविधानले निर्दिष्ट गरेको समाजवादी लक्षय हासिल गर्न वर्तमान वाम-लोकतान्त्रिक गठबन्धन एक भरपार्दै विकल्प भएको उल्लेख गर्दै अध्यक्ष दाहालले सम्पूर्ण देशभक्त, वामपन्थी, प्रगतिशील र लोकतान्त्रिक शक्तिलाई एकताबद्ध हुन आग्रह गरेका हुन्।

नेपालको राजनीतिक इतिहासमा विभिन्न राजनीतिक विचार र प्रवृतिहरूबीच संघर्ष, सहकार्य र रूपान्तरणको प्रक्रियाबाट ठूल्ठूला राजनीतिक परिवर्तन सम्भव भएको स्पष्ट पार्दै उनले कठिन मोडमा वाम-लोकतान्त्रिक शक्ति एक हुँदै आएको बताए।

गणतन्त्र दिवसका अवसरमा गणतन्त्र नेपालको

क्रमशः अन्तिम पृष्ठमा

# डाक्टर विवेकको पोशाक र जीवनशैली



पोशाक-शैली
डा. विवेक आचार्य

वीर अस्पताल क्लिनिकल अङ्कोलोजी विभागका प्रमुख तथा एसोसियटेड प्रोफेसर हुन्, डा. विवेक आचार्य। क्यान्सरका बिरामीको सेवामा तल्लीन रहनु उनको दैनिकी हो। अग्लो कद, शरीर सुहाउँदो र चटक्क मिलेको पोशाक लगाएर बिरामीको सेवामा खट्ने डा. आचार्य उत्तिकै मिजासिला पनि छन्। बिरामीसँग कहिल्यै नरिसाउने उनी ज्यादै आत्मीय व्यवहार गर्छन्। डाक्टरले आत्मीय व्यवहार गर्दा बिरामीले आफ्ना समस्या खुलस्त बताउने अवसर त पाउँछन् नै, आत्मबल समेत ह्वात्तै बढ्छ।

५ फिट ११ इन्चको उचाईका ५१ वर्षीय आचार्यको तौल ८२ किलोग्राम छ। उचाईको तुलनामा तौल केही बढी नै भए तापनि उनको शरीरिक बनावट भने आकर्षक र सुन्दर छ। २३ वर्षदेखि चिकित्सकीय सेवारत डा. आचार्य बिरामीको सेवामा जति तल्लीन हुन्छन्, आफूले लगाउने पोशाकप्रति पनि त्यत्तिकै सचेत हुन्छन्। उनै क्यान्सर रोग विशेषज्ञसूगको पोशाक-संवाद।

**पोशाकमा कत्तिको सचेत हुनुहुन्छ ?**

छु। बिरामीको सेवामा धेरै समय बिताउनुपर्ने भएकाले पोशाक लगाउँदा विचार त पुऱ्याउनै पऱ्यो।

**कस्ता पोशाक लगाउन मन पर्छ ?**

मेरो कपडा छनोट प्रक्रिया चाहिँ पोशाकमा भर पर्छ। मलाई प्रायः जेन्टल कलरका कपडा मन पर्छन्। कम्फर्टेबल पोशाक लगाउँछु। छनौट गर्दा नै हिँडडुल गर्न सहज हुने किसिमका पोशाक छान्छु। पहिले-पहिले डाक्टर भनेपछि कोट, टाई, सुट लगाउने चलन थियो तर मलाई त्यो मन पर्दैन। आफूलाई सजिलो लाग्ने अनि सुहाउँदो

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- ४२, जेठ २० गते शुक्रबार, २०७९

सम्पादकीय

# गणतन्त्र दिवसको 'कर्मकाण्ड' र, जनअधिकारको प्रत्याभूति

हरेक वर्षको १५ जेठमा नेपालमा गणतन्त्र दिवस मनाइन्छ। साढे दुई सय वर्ष लामो जहानियाँ राजतन्त्रको अन्त्य गरी जननिर्वाचित प्रतिनिधिलाई राष्ट्रप्रमुखको पदमा आसिन गराउने व्यवस्था लागू भएको अवसरमा गणतन्त्र दिवस मनाइनु जनताका लागि खुसी र गौरवको कुरा हो। तर, विगत राजतन्त्रकालमा जनताले भोगेका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान हुनुको सट्टा ती झन् दिनानुदिन विकराल बन्दै जानुले गणतन्त्रको सार्थकता सिद्ध हुन सकिरहेको छैन।

राजनीतिक व्यवस्था, प्रणाली र धेरै हदसम्म संवैधानिक एवम् कानुनी हिसाबले जनअधिकारहरूको प्रत्याभूति हुनु सुखद् विषय हो। तर, पद र आहोदामा पुग्नेहरूको आचरण, जीवनशैली र राष्ट्र एवम् जनताप्रतिको दायित्वबोध सामन्ती निरङ्कुश तत्त्व र प्रवृत्तिभन्दा रत्तिभर भिन्न, फरक, प्रगतिशील र अग्रगामी नदेखिनु विडम्बनापूर्ण कुरा हो।

मूलतः र सारतः लाटासोझा र निरीह जनताका निम्ति जुनसुकै 'तन्त्र' आए पनि खासै फरक पर्दैन। गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाजस्ता आधारभूत हकको प्रत्याभूति हुन सक्नुचाहिँ जनसरोकारको मुख्य विषय हो। हाम्रो गणतान्त्रिक विषयले यी पक्षको प्रत्याभूति गर्न सक्नु पर्दछ।

# तारको जहाज दुर्घटनामा मृत्यु भएका सबै शव काठमाडौंमा : सातको स्वयम्भू र अन्यको पशुपति आर्यघाटमा अन्त्येष्टि



**काठमाडौं।** आइतबार बिहान पोखराबाट मुस्ताङका लागि उडेको तारा एयरको विमान जिल्लास्थित थासाङ गाउँपालिका-२ सानोसरेमा दुर्घटना हुँदा मृत्यु भएका चालक दलका तीन सदस्यसहित सम्पूर्ण २२ जनाको शव काठमाडौं ल्याइएको छ।

प्रतिकूल मौसमका कारण यही जेठ १५ गते तारा एयरको जहाज दुर्घटनामा परी मृत्यु भएका एकै परिवारका सात जनाको स्वयम्भु र अन्य सबैको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ। सो दुर्घटनामा परी एकै परिवारका सात जना धनुषाका मकरबहादुर तामाङ, सुकुमाया तामाङ, राजन गोले, इन्द्रबहादुर गोले, राममाया गोले, पुरुषोत्तम गोले र तुलसादेवी तामाङको मृत्यु भएको थियो।

त्रिवि शिक्षण अस्पताल मृतकको महाराजगञ्जमा शव परीक्षणपछि आफन्तलाई हस्तान्तरण गरिएको थियो। शव हस्तान्तरण गरे लगत्तै मृतकको अन्तिम संस्कार काठमाडौको स्वयम्भूमा गरिएको हो। अन्तिम संस्कारमा नेकपा ( एकीकृत समाजवादी)का नेता झलनाथ खनाल पुग्नु भई पार्टीका धनुषा जिल्ला कमिटीका सदस्य समेत रहेका राजन गोलेको शवमा पार्टीको झन्डा ओढाएर अन्तिम बिदाइ गरेका थिए। त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका अनुसार अन्य शवको परीक्षण कार्य सम्पन्न गरी शव आफन्तलाई हस्तान्तरण गरिएको छ।

जोमसोम टावरसँग बिहान सोही दिन बिहान १०:०७ बजे उक्त अन्तिम पटक सम्पर्कमा आएपश्चात सम्पर्कविहनी भएको थियो। उक्त विमान १४ हजार पाँचसय फिट उचाइमा दुर्घटनाग्रस्त अवस्थामा फेला परेको थियो। प्रतिकूल मौसम तथा जटिल भौगोलिक अवस्था हुँदा पनि नेपाल नागरिक उड्डयन प्राधिकरण, खोज तथा उद्धार समन्वय केन्द्रमार्फत हवाई तथा स्थलमार्गबाट खोजी गर्दा वायुयान फेला परेको र हाल उद्धारकर्मी दुर्घटनास्थलमा पुगेर उद्धार कार्य जारी राखेको तारा एयरले जनाएको छ।

तारा एयरको फ्लाइटबाट मुक्तिनाथ दर्शनका लागि दर्शनार्थी लिएर उडेको उक्त जहाज प्रतिकूल मौसमका कारण दुर्घटना ग्रस्ट हुँदा जहाजमा सवार सबैको मृत्यु भएको हो। मुस्ताङको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर तीर्थ यात्राको मुख्य गन्तव्य बनाएका बुबा इन्द्रबहादुर गोले, आमा राममाया तामाङ, काका पुरुषोत्तम गोले, काकी तुलसादेवी तामाङ, मामा मकरबहादुर तामाङ र माइजु सुकुमाया तामाङलाई लिएर तीर्थयात्रामा निस्किएका थिए।

दुर्घटननमा तीन सदस्य चालक दलका तीनसहित २२ जना सवार सबैको थासाङ-२ सानोसरेमा दुर्घटनामा परी मृत्यु भएका २२ जनाकै शव काठमाडौं ल्याइपुऱ्याउँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरका अनुसार उक्त विमानमा ज्यान गुमाएका दश जनाको शव हिजो सोमबार साँझ ल्याइएको थियो भने बाँकी रहेका १२ जनाको शव अहिले नेपाली सेनाको एमआई १७ नामक हेलिकप्टरबाट काठमाडौं ल्याइएको हो।

काठमाडौं ल्याएका शवहरू त्रिवि शिक्षण अस्पतालमा पोस्टमार्टम गरेपछि आफन्तको जिम्मा लगाइने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले सोमबार नै विमान दुर्घटनाको छानबिन गर्न दुर्घटना जाँच आयोग समेत गठन गरेको छ।

मन्त्रालयले वरिष्ठ एरोनटिकल इन्जिनियर रतिशचन्द्र लाल सुमन अध्यक्ष रहेको पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरेको हो। आयोगको सदस्यहरूमा क्याप्टेन दीपु ज्वार्चन, वरिष्ठ मेन्टिनेन्स इन्जिनियर उपेन्द्रलाल श्रेष्ठ, वरिष्ठ मौसमविद मणिरत्न शाक्य र मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने रहेका छन्।

समुन्द्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा रहेको घटनास्थलमा अझैपनि कुहिरो कारण मानापाथी हिमालको फेदीमा रहेको पहाडमा ठोक्किएर टुक्राटुक्रा परेको अवस्थामा सोमबार बिहान फेलापरेको थियो। जहाजमा चालक दलका तीनजना क्याप्टेन प्रभाकर घिमिरे सहचालक उत्सब पोखेल, परिचालिका किस्मि थापासहित नेपाली नागरिक इन्द्रबहादुर गोले, पुरुसोत्म गोले, राजनकुमार गोले, बसन्त लामा, गणेशनारायण श्रेष्ठ, रविना श्रेष्ठ, रश्मी श्रेष्ठ, रोजिना श्रेष्ठ, प्रकाश सुनुवार, मकरबहादुर तमाङ, राममाया तमाङ, सुकमाया तमाङ, तुलसादेवी तमाङ रहेका थिए। यस्तै जहाजमा भारतीय नागरिकमा भाइ-भाइ बन्देकर, अशोककुमार त्रिपाठी, धनुश त्रिपाठी, रितिका त्रिपाठी रहेका थिए।

यसैगरी जर्मन नागरिकमा मेकग्रीफ्ट ग्राफ तथा वइ वइल्नर सवार रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। पोखराबाट मुस्ताङका लागि उडेको तारा यएरको नाइन एन एइटी ट्विनअटर विमान बिहान औसतभन्दा कम उचाइमा थासाङ पुगेको थियो।

## डा. विवेक...

कपडा लगाउन मन पर्छ। शारीरिकरूपमा सहज हुने किसिमका कपडा लगाउँछु।

**तपाईको पोशाकका धेरैजसो 'आइटम' के-के हुन्छन् ?**

म औपचारिक किसिमका पोशाक कम लगाउँछु। धेरैजसो जिन्सको पाइन्ट, टिसर्ट र कोट लगाउँछु।

**जाडो मौसममा के-के लगाउनु हुन्छ ?**

जाडो मौसममा प्रायः सर्ट, स्वेटर, ज्याकेट र भुवादार जिन्स पाइन्ट लगाउँछु।

**अनि गर्मीमा नि ?**

गर्मीमा प्रायः पातलो जिन्स पाइन्ट र टिर्सट लगाउँछु।

**पोशाक किन्न कत्तिको शौख लाग्छ ?**

रमाइलो लाग्छ। ९० प्रतिशत लुगा आफैं किन्छु।

**लगाउने पोशाकमा बार्षिक कति खर्च गर्नु हुन्छ ?**

औसतमा करिव तीस हजार जति त लुगामै खर्चन्छु। एक सिजनमा चार-पाँच वटा पाइन्ट, चार-पाँच वटा टिसर्ट, चार-पाँच वटा सर्ट किन्छु। अरु सातातिना कपडा बेला-बेलामा किनिहालिन्छ।

**त्यसो भए कपडा त टन्नै होलान् नि ?**

झन्डै एक सय जोर त होलान्। धेरै पुराना, दस वर्ष अगाडिका पनि छन्। फाल्न माया लाग्छ; पुराना भए पनि राखिरहन्छु।

**दैनिक फरक-फरक लुगा लगाउनुहुन्छ ?**

सामान्यतः दुई दिनमा फेर्छु।

**कस्तो रङ्गका कपडा मन पर्छन् ?**

प्रायः कालो, नीलो, खरानी, क्रिम रङ्गका लगाउँछु। चहकिलो र रातो कमै लगाउँछु।

**कपडा नेपालमै किन्नुहुन्छ कि विदेशमा ?**

कामविशेषले विदेश गइरहनुपर्ने हुन्छ। धेरैजसो कपडा त अष्ट्रेलिया, जापान, इन्डियाबाट फर्कंदा ल्याउँछु। नेपालमा किन्नुपर्दा प्रायः ठमेलमा किन्ने गरेको छु।

**प्रायः नेपाली ब्रान्डका कपडा लगाउनुहुन्छ कि विदेशी ?**

कहाँ बनेको भनेर त्यति ध्यान दिन्नँ, मन परेका कपडा किनिहाल्छु।

**चिकित्सक पेशा आगालेका व्यक्तिले 'ड्रेस सेन्स' मा कत्तिको ध्यान दिनुपर्छ जस्तो लाग्छ ?**

ध्यान त दिनैपर्‍यो। सामान्यतः विश्वभर नै चिकित्सकले फर्ममल पोशाक लगाउने चलन हुन्छ। विदेशमा धेरैजसो फर्मल पोशाकमा जोड दिइन्छ। कम्फर्टेबल पोशाक लगाउनुपर्छ।

**चिकित्सकीय पेशा आगालेका व्यक्तिले कस्ता पोशाक लगाउनु उचित ठान्नुहुन्छ ?**

बिरामीसँग घुलमिलत त हुनैपर्‍यो। पोशाकचाहिँ चिटिक्क लगाएर बिरामीसँगको व्यवहारचाहिँ खरो गर्नु ठीक होइन। औपचारिक कसिमका पोशाक लगाए पनि व्यवहार राम्रो हुनुपर्छ। सकेसम्म सिम्पल पोशाक लगाउनु उचित हुन्छ।

**जुत्ताको पनि कुरा गरौं, जुत्ता कस्तो मन पर्छ ?**

नरम, लेदरका जुत्ता मन पर्छ। लगाउँदा हिँड्न सहज हुने किसिमका लगाउँछु। औपचारिक र अनौपचारिक दुवै किसिमका लगाउँछु।

**कति जोर छन् जुत्ता ?**

दस जोर।

**वर्षमा कति जोर जुत्ता किन्नु हुन्छ ?**

दुई-तीन जोर किन्छु। छ महिनासम्म एउटै लगाउँछु, त्यो फाटेपछि मात्रै अर्को जोर लगाउँछु।

# प्रतिगमनविरोधी बजेट : कृषि र उद्योगमा फड्को

अर्थमन्त्री जनार्दन शर्माले १५ जेठ, २०७९ मा संघीय संसद्का दुवै सदनमा १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट पेस गरे। बजेटमा विनियोजित कूल अंकमध्येको ४२ प्रतिशत अर्थात् ७ खर्ब ५३ अर्ब ४० करोड चालु खर्चका रूपमा रहेको छ। पुँजीगत खर्चतर्फ २१.२ प्रतिशत अर्थात् ३ खर्ब ८० अर्ब ३८ करोड विनियोजन गरिएको छ। वित्तीय व्यवस्थापनतर्फ कूल अंकको १२.८ प्रतिशत अर्थात् २ खर्ब ३० अर्ब २२ करोड विनियोजित छ। यस बजेटमा प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण लागि २४ प्रतिशत अर्थात् ४ खर्ब २९ अर्ब ८३ करोड विनियोजित छ।

स्रोत व्यवस्थापनतर्फ अन्तरिक राजस्वमार्फत १२ खर्ब ४० अर्ब उठाइने लक्ष्य लिइएको छ। ५५ अर्ब ११ करोड वैदेशिक अनुदान प्राप्त हुने अपेक्ष गरिएको छ। यस आर्थिक वर्षमा ४ खर्ब २९ अर्ब ८३ करोड ऋण लिइने लक्ष्य रहेको छ। यसमध्ये २ खर्ब ४२ अर्ब २६ करोड वैदेशिक ऋण र २ खर्ब ५६ अर्ब अन्तरिक ऋण लिने लक्ष्य राखिएको छ।

### बजेटका प्राथमिकता

'प्रतिगमन विरोधी' आन्दोलनकै क्रममा बनेको यो वाम-लोकतान्त्रिक गठबन्ध सरकार भएका कारण यसले ल्याउने बजेटलाई राजनीतिकरूपले विशेष चासोका साथ हेरिएको छ। अर्कातिर, कोभिडका कारण थिल्थिलिएको अर्थतन्त्रलाई प्राण भर्नुपर्ने र युक्रेन-रुस युद्धका कारण विश्वव्यापी रूपमा परेको आर्थिक प्रभावलाई समेत सम्बोधन गर्नुपर्ने परिस्थितिको दवाबका बीच यो बजेट आएको छ। त्यसैले यस बजेटलाई यिनै सन्दर्भका बीच हेर्नु र समीक्षा गर्नु वस्तुपरक हुने छ।

राष्ट्रिय रूपमा उत्पादन वृद्धि गर्नुपर्ने, बढ्दो व्यापार घाटा न्यूनीकरण गर्नुपर्ने, औद्योगीकरण गर्नुपर्ने, बेरोजगारी समस्या समाधान गर्नुपर्ने, तीव्र रूपमा पूर्वाधारहरूको विकास गर्नुपर्ने, वित्तीय संघीयता कार्यान्वयन गर्नुपर्ने र तीव्र आर्थिक वृद्धिदर हासिल गर्नुपर्ने दवाबका बीचबाट बजेट निर्माण गर्नुपर्ने भएकाले यो बजेटले राष्ट्र र नागरिकका सबै तह-तप्काका अपेक्षाहरू पूरा गर्नु नसक्नुलाई अन्यथा ठानिहाल्न मिल्दैन।

यिनै परिस्थितिहरूका बीचबाट आएकाले नै यो बजेटले कृषि र औद्योगिक उत्पादनलाई प्राथमिकतामा राखेको छ। नेपालको अर्थतन्त्रमा कृषि र औद्योगिक क्षेत्रको योगदान निरन्तर घट्दो छ। जीडीपीमा औद्योगिक क्षेत्रको योगदान सन् १९९०/९१ मा १७.५३ प्रतिशत थियो भने सन् २०१८/१९ मा १५.२१ प्रतिशत थियो। जीडीपीमा कृषि क्षेत्रको पनि योगदान पनि निरन्तर घट्दो छ। जीडीपीमा कृषि क्षेत्रको योगदान सन् १९९०/९१ मा ४७.६८ प्रतिशत थियो भने सन् २०२०/२१ मा यो घटेर २५.८ प्रतिशतमा झरेको थियो। पछिल्ला ३० वर्षमा नेपालको जीडीपीमा कृषि क्षेत्रको योगदान निरन्तर घट्दो क्रममै रहेको देखिन्छ। सन् १९९३ देखि सन् २०२० सम्मको २७ वर्षमा हाम्रो जीडीपीको औसत वृद्धिदर केवल ४.३ प्रतिशत मात्र रह्यो।

उपरोक्त तथ्यहरूले देखाउँछन् कि कृषि र औद्योगिक क्षेत्रमार्फत उत्पादन वृद्धि गर्नु नै हाम्रो प्राथमिक दायित्व हो। यस दिशामा बजेटले सकारात्मक पहल गरेको छ। विश्वका धेरै देशहरूले १९५० को दशकमा 'तेस्रो कृषि क्रान्ति' अर्थात् 'हरित क्रान्ति' सुरु गरेर सन् १९६० को दशकमा पूरा गरे। विश्वमै खेतीयोग्य जमिनमा दोस्रो (१५७.३५ मिलियन हेक्टर ) रहेको भारतले सन् १९६० को दशकमा 'हरित क्रान्ति' सुरु गर्‍यो तर नेपालले भने हरित क्रान्तिको नक्कल मात्र गर्‍यो, क्रान्ति गरेन।

### कृषि क्षेत्रमा फड्को मार्ने प्रयास

चालु आर्थिक वर्षको बजेटले आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको छ। कृषि क्षेत्रमा ३२ प्रतिशतभन्दा बढी बजेट छुट्याइएको छ, त्यो आफैंमा एउटा महत्वपूर्ण फड्को हो। बाँझो एवं उपयोगविहीन खेतीयोग्य जमिन कृषक, कृषक सहकार्य समूह तथा सहकारीलाई लिजमा उपलब्ध गराउने, कृषिको रूपान्तरण अभियानमा उत्कृष्टता हासिल गर्ने प्रत्येक प्रदेशका तीनवटा स्थानीय तहलाई ५ करोडका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउने र संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने 'आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम' कार्यान्यनका लागि १० अर्ब विनियोजन गर्नेजस्ता प्रयास यो बजेटले गरेको छ।

'किसानसँग सरकार' कार्यक्रमअन्तर्गत योगदानमा आधारित किसान पेन्सन कार्यक्रम सुरुआत गर्न १ अर्बको किसान हित कोष स्थापना गरिनु र मल खरिदका लागि १५ अर्ब विनियोजन गरिनु यस वर्षको बजेटका महत्वपूर्ण कृषि कार्यक्रमहरू हुन्। यस बजेटमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि ५ अर्ब ९० करोड विनियोजन गरिएको छ। धानलगायतका खाद्यान्न भण्डारणका लागि मुलुकभर सयवटा सामुदायिक खाद्य गोदाम घर निर्माण गर्न ४५ करोड विनियोजन गरिएको छ।

पशु बीमालगायतका कार्यक्रमहरूलाई अनुदानको व्यवस्था गरिएको छ। मुलुकलाई चिनी उत्पादनमा आत्मनिर्भर बनाउन उखु किसानलाई ८१ करोड अनुदानको व्यवस्था गरिएको छ।

### औद्योगीकरणतर्फ विशेष पहल

औद्योगिक विकास र उद्यमशीलता प्रवर्द्धन यो बजेटको अर्को प्राथमिकता हो।

उत्पादन वृद्धिकै निम्ति वि.सं. २०७९-८९ को दशकलाई 'उत्पादन वृद्धिको दशक' घोषणा गरिएको छ। यस बजेटमार्फत 'प्रधानमन्त्री नेपाली उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रम' समेत घोषणा गरिएको छ। यी कार्यक्रमहरूका लागि ३ अर्ब ४५ करोड रूपैयाँ विनियोजन गरिएको छ।

सरकार-निजी क्षेत्रको साझेदारीमा ७ वटै प्रदेशमा 'बिजनेस इन्कुबेसन सेन्टर' सञ्चालन गर्ने योजना समेत यो बजेटले अगाडि सारेको छ।

बन्द उद्योगहरूको सञ्चालन, विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन, 'एक स्थानीय तह, एक विशिष्ट उत्पादन', औद्योगिक क्षेत्रको विकास गर्दै निर्यात प्रवर्द्धन गर्न निर्यातमा ८ प्रतिशतसम्म नगद अनुदान र १० करोड रूपैयाँभन्दा बढीको विद्युत् खपत गर्ने उद्योगलाई १५ प्रतिशत छुट दिने व्यवस्था आदि पनि यो बजेटले गरेको छ। यी र यस्तै नीति, कार्यक्रम र अवधारणाहरूमार्फत यो बजेटले देशमा औद्योगीकरणको वातावारण सिर्जना गर्ने र मुलुकले क्रमशः औद्योगीकरणको दिशातर्फ पाइला चाल्ने आशा जागृत गराएको छ।



विचार-दृष्टिकोण
डीपी ढकाल

### सीमा, कमजोरी र निष्कर्ष

समग्रतामा, उत्पादन वृद्धि नै यो बजेटको पहिलो प्राथमिकता रहेको देखिन्छ। कमजोर उत्पादन क्षमताका कारण बढ्दै गएको व्यापार घाटा कम गर्न र बढ्दो बेरोजगारी समस्याको समाधान गर्न उत्पादनकेन्द्रित बजेट निर्माणको विकल्प थिएन्। यो बजेटले यही र सही दिशा समातेको छ।

कतिपयले तर्क गर्ने गरेका छन्- यो बजेटले राष्ट्रिय समस्याहरूलाई सम्बोधन गरेको छैन। यथार्थतः यो तर्क गलत छ किनकि नेपालको राष्ट्रिय समस्या भनेकै कमजोर उत्पादन अवस्था, व्यापार घाटा, बेरोजगारी र अल्पविकास हो। र, यी समस्याहरूको समाधानतर्फ यो बजेटले यथोचित प्रयास गरेको र प्रबन्ध मिलाएको देखिन्छ। एउटै बजेटमार्फत राष्ट्र र जनताका सबै समस्याको समाधान सम्भव हुँदैन। विरासत नै बनेर आएका समस्याहरूको चाङलाई एउटै बजेटले कसरी समाधान गर्न सकोस् ?

यस बजेटले निश्चय नै कृषि र औद्योगिक क्षेत्रको विकासमा उल्लेख्य टेवा पुऱ्याउने छ । यस बजेटमा पनि स्वभावतः कतिपय सीमा, कमजोरी र चुनौतीहरू छन्। सर्वाधिक महत्वपूर्ण पक्ष त स्रोत व्यवस्थापनको चुनौती नै हो। बजेटले राखेका राजस्व एवं वैदेशिक अनुदान र ऋणको लक्ष्य पूरा हुन कठिन देखिन्छ। त्यस्तै, आर्थिक वृद्धिदरको लक्ष्य भेट्टाउन पनि कठिन नै देखिन्छ।

मूलतः यस बजेटले उत्पादन वृद्धि गर्नैपर्ने राष्ट्रिय आवश्यकतालाई आत्मसात् गरेको छ। यसले व्यापार घाटा कम गराउन औद्योगिक उत्पादन वृद्धिमा जोड दिएको छ। बजेटले निर्यात प्रवर्द्धनका निम्ति पर्याप्त उत्प्रेरणा दिएको छ। यसले सामाजिक सुरक्षाको दायरा बढाएको छ र 'हरित क्रान्ति' को आधार खडा गरेको छ। यो बजेटले संघीयताको मर्मलाई राम्ररी आत्मसात् गरेको छ।

गठबन्धन सरकारको राजनीतिक जटिलता र यसै आर्थिक वर्षभित्र संघीय तथा प्रादेशिक निर्वाचन समेत सम्पन्न गराइसक्नु पर्ने बाध्यताका कारण बजेटको कार्यान्वयनमा चुनौती थपिएका छन्। यो सन्दर्भका बीच बजेटका नीति तथा कार्यक्रम कत्तिको कार्यान्वयन हुन सक्लान् भन्ने प्रश्नचाहिँ अस्वाभाविक देखिँदैन। सरोकारवाला सबै पक्ष र निकायले इमानदारीपूर्वक काम गर्ने हो भने यो बजेट नेपाली अर्थतन्त्रको समग्र दिशा बदल्न समर्थ हुने नै देखिन्छ।



# गणतन्त्र दिवसका : टुँडिखेलमा मार्चपास



काठमाडौं । गणतन्त्र दिवस मूल समारोह समितिद्वारा सैनिक मञ्च टुँडिखेलमा मार्चपास सहितका कार्यक्रम आयोजना गरिएको छ। गणतन्त्र दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुनसहितका राष्ट्रप्रमुखसहित विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री शेरबहादुर देउवा, कामु प्रधानन्याधीश दीपककुमार कार्की, प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सनासहित संवैधानिक निकायका पदाधिकारी, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

नेपाली सेनाको हेलिकोप्टरबाट पुष्पवृष्टिसहित शुभारम्भ भएको कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टुकडीले मार्च पास र राष्ट्रियभावका गीतमा संयुक्त ब्यान्ड प्रस्तुत गरेका थियो । समारोहमा 'मेरो टोपी कैलाशको शीरजस्तो...' बनेको छ पहराले यो छाती मेरो...' र 'धेरै छ गर्नु स्वदेशको सेवा नेपाली भन्नलाई...' बोलका गीत संगीत गुञ्जिएका थिए। प्रतिकूल मौसमका कारण यसवर्ष विविध जाजातिगत झाँकी र प्रदर्शनी भने राखिएको थिएन।

नेपाली जनताको बलिदानीपूर्ण संघर्षको फलस्वरूप २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको अन्त्य भएसँगै गणतन्त्रको घोषणा भएको थियो।

## सदरमुकाम बेनीमै पाठ्यपुस्तक अभाव

**म्याग्दी ।** यस पटक शैक्षिकसत्र सुरु भइसक्दा समेत जिल्ला सदरमुकाम बेनीसहितका सामुदायिक तथा संस्थागत विद्यालयका पाठ्यपुस्तक उपलब्ध हुन सकेका छैनन् ।

नयाँ कक्षामा उक्लिएका छात्रछात्राले पाठ्यपुस्तकको अभावमा विद्यालय जना नमानेपछि पठनपाठन प्रभावित बन्न थालेको हो । गत वैशाख २५ गतेदेखि जिल्लामा नयाँ कक्षाहरू सञ्चालन भइ नियमित विद्यालय सञ्चालन भए पनि विद्यार्थीले अझैसम्म पाठ्यपुस्तक नपाउँदा अन्योलमा परेका हुन् ।

जिल्लास्थित दुर्गम भेगका विद्यालयमा मात्रै होइन सरदमुकाम बेनी बजारकै प्रकाश माध्यमिक विद्यालय, बालमन्दिर आधारभूत विद्यालयसहितमा पाठ्यपुस्तकको अभाव रहेको छ । किताब नपाउँदा अध्ययनमा समस्या भएको प्रकाश माविका विद्यार्थी रेशम घिमिरेले बताए ।

नयाँ पाठ्यपुस्तक नपाएपछि अहिले विद्यार्थीले साथीहरूसँग मिलेर पुरानै किताबमा पढ्नुपर्ने अवस्था रहेको स्थानीय विद्यालय सरस्वती आधारभूत विद्यालयको कक्षा ५ मा अध्ययनरत प्रभात किसानले सुनाए ।

सदरमुकामै अध्ययनरत छात्रछात्राले त नयाँ किताब पाउन सकेका छैनन् भने दुर्गम क्षेत्रका छात्रछात्राले झन् किताबका लागि कति कुर्नपर्ने हो त्यसको अड्कल लगाउन सकिने अवस्था नै छैन । विद्यार्थीले पाठ्यपुस्तक पाउन नसक्दा दुःखद् भएको सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक क्षेमबहादुर पुनले बताए । जिल्ला सदरमुकामकै विद्यालयमा अहिलेसम्म पाठ्यपुस्तक नआएको भन्दै उनले दुर्गम क्षेत्रका गाउँमा पुग्न झनै कठिन रहेको जनाए ।

पुस्तक अभावमा शिक्षकलाई पढाउन र विद्यार्थीलाई पढ्न असहज भएको अर्जुन माध्यमिक विद्यालय भकुण्डेका शिक्षक रघुनाथ शर्माको गुनासो थियो । पाठ्यक्रम फेरिएको सामुदायिक विद्यालयको कक्षा ४ र ७ का विद्यार्थीसँग पुस्तक छैन । पाठ्यक्रम यथावत भएका अन्य कक्षाका विद्यार्थीले पुराना पुस्तक पढ्ने गरेका छन् । यस वर्षदेखि ४ र ७ कक्षाको पुस्तक परिवर्तन भएकाले पनि विद्यार्थी र शिक्षक दुवैलाई समस्या परेको हो ।

पाठ्यक्रम नफेरिएका कक्षाका विद्यार्थीलाई पुराना पुस्तक र नयाँ कक्षामा उक्लिएका विद्यार्थीलाई पनि यसअघि प्रयोग भएका पुस्तक फिर्ता मागेर उपलब्ध गराएको शर्माले बताए ।

पुस्तक व्यवसायी तथा वितरकहरूका अनुसार निजी विद्यालयको कक्षा ४, ७ र ९ को पनि पूरा पुस्तक आएको छैन । विगतमा शैक्षिकसत्र सुरु हुनुअघि नै विद्यार्थीको हात-हातमा पुस्तक उपलब्ध गराइँदै आएको थियो। म्याग्दीका पुस्तक व्यवसायीले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट ल्याएको पुस्तक बेनीमा बिक्री केन्द्र राखेर विद्यालयलाई उपलब्ध गराउँदै आएका छन् ।

दुई सय ३२ सामुदायिक विद्यालय भएको म्याग्दीमा एउटा कक्षाका लागि एक हजार सातसय देखि दुई हजार सेट पुस्तक आवश्यक पर्छ । पुस्तक खरिदका लागि म्याग्दीमा वार्षिक एक करोड १२ लाखभन्दा बढी बजेट खर्च हुन्छ। नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष लीलाराम गौतमले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले कागज अभावको कारण देखाएर पुस्तक छाप्न ढिलाइ गरेको जानकारी दिए ।

नयाँ शैक्षिकसत्र सुरु भइसक्दा समेत पाठ्यपुस्तक पाउन नसक्दा विद्यार्थी र शिक्षक दुवैलाई पठनपाठनमा समस्या परेको छ ।

## तीनवटा मौसमी प्रणालीको प्रभावले अझै वर्षाको सम्भावना

**काठमाडौं ।** देश भरका विभिन्न भूभागमा अझै पनि आंशिकदेखि सामान्य बदलीसहित वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले बताएको छ। विभागका अनुसार हाल नेपालमा तीन वटा मौसमी प्रणालीको प्रभाव रहेको छ।

स्थानीय वायु, भारतको उत्तर प्रदेश, विहार आसपास रहेको न्यूनचापीय रेखा र पश्चिमी वायुको प्रभावले पहाडी भू-भागका केही स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ।

रातको समयमा देशको प्रदेश नं एक, मधेश प्रदेश, वाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा भई प्रदेश नं एक, मधेश प्रदेश, वाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

सोमबार प्रदेश नं एक, मधेश प्रदेश, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी भू-भागका थोरै स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।

## खराब मौसमले जहाजको खोजीकार्य कठिनाइ

**काठमाडौं ।** पोखराबाट मुस्ताङका उडेको तारा एयरको ट्विनअटर जहाजको खोजी कार्यमा प्रतिकूल मौसमका कारण कठिनाइ उत्पन्न भएको छ। मुस्ताङ जाने क्रममा सम्पर्कविहीन भएको तारा एयरको उक्त जहाज खोज्न परिचालन भएको फिस्टेल एयरको हेलिकप्टर समेत प्रतिकूल मौसमका कारण जोमसोममै फर्किएको हो ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माका टुकुचे र धवलागिरि क्षेत्र आसपासबाट विमान सम्पर्कविहीन भएको हुनसक्ने अनुमान गरिएको उनको भनाइ छ । जहाज बिहान ९:५५ बजे पोखराबाट जोमसोमका लागि उडेको थियो । पच्चीस मिनेटको यात्रापछि अवतरण हुनुपर्ने जहाज अझै सम्पर्कका आउन सकेको छैन। जहाजमा १९ यात्रु र चालक दलका तीन सदस्य रहेको जनाइएको छ।

## बजेटले रोजगारी सिर्जना गर्ने पूर्वमन्त्री पुनको विश्वास

**काठमाडौं ।** आर्थिक वर्ष २०७९/८० को प्रस्तुत बजेटले अर्थतन्त्रको परम्परागत संरचनालाई नै पुनर्संरचना गर्ने दिशालाई आत्मसात गरेको नेकपा (माओवादी केन्द्र) का नेता वर्षामान पुनले बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा बजेटमाथि सैद्धान्तिक छलफलमा भाग लिँदै पूर्व अर्थमन्त्री पुनले यो बजेट सरकारको नीति तथा कार्यक्रम एवं उत्पादनमा आधारित भई रोजगारी सिर्जना र गरिबी नियन्त्रणजस्ता बजेटका उद्देश्य देखिएकाले बजेट समयकै कार्यान्वयन भएर सफल हुने विश्वास व्यक्त गरेका हुन् ।

कृषिमा पेन्सनको सुविधा, लघुवित्त कर्जा, बाँझो जमिनलाई उपयोग गर्ने विषय, किसानका उत्पादनलाई बजारको सुनिश्चिता, पशु बीमाको प्रिमियम वृद्धि, स्वदेशी उत्पादनलाई प्रश्रय, ज्ञानमा आधारिक व्यावसायिक सूचना केन्द्रजस्ता कार्यक्रम महत्वपूर्ण भएको समेत पूर्वमन्त्री पुनको भनाइ थियो ।

सोही क्रममा नेता पुनले विद्युतीय गाडीको प्रयोग बढाउनुपर्ने भएकाले ती गाडीका लागि बढी कर नलगाउन आग्रह गर्दै आगामी निर्वाचनसम्म यही गठबन्धन कायम रहने भएकाले बजेटको कार्यान्वयनमा कुनै समस्या नआउने दावी गरेको थिए ।

## सप्तरीका मकैबालीमा फौजी किराको प्रकोप


**काठमाडौं ।** सप्तरी जिल्लास्थित सप्तकोसी नगरपालिकामा लगाइएको मकैबालीमा फौजी किराको प्रकोप देखा परेको स्थानीयले बताए। हुर्किँदै गरेको मकैबालीमा फौजी किराको प्रकोप देखिएको छ।

जिल्लाको उत्तर-पूर्वमा पर्ने त्यस क्षेत्रमा हुर्कँदै गरेका मकैका पात र बिरुवा फौजी किराले नष्ट गर्न थालेपछि कृषकहरू चिन्तित बनेका हुन् । भरखरै लगाएको मकैका बिरुवाको पातमा फौजी किराले नष्ट गर्न थालेको उनीहरुको गुनासो छ।

किसानले लगाएका मकैका बिरुवाको पात सबै फौजी किराले नष्ट बनाएपछि बिरुवा नै मर्न थालेको स्थानीय कृषक विनोद पण्डितले बताए।

सो नगरपालिकाको फत्तेपुर, पर्सा, सखुबनी, बलार्दह, गङाजलीलगायतका क्षेत्रमा फौजी किराको बढी नै प्रकोप देखिएको उनीहरुको भनाइ छ। कृषि प्राविधिकको सल्लाहअनुसार आफूहरूले विभिन्न कीटनाशक औषधि प्रयोग गरे पनि प्रकोप नियन्त्रणमा आउन नकसेको स्थानीय राजकुमार चौधरीले बताए।

## पूर्वप्रम खनालद्वारा गणतन्त्र दिवसका अवसरमा शुभकामना



**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले गणतन्त्र दिवस-२०७९ का अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरेका छन् ।

अध्यक्ष खनालले जारी गरेको विज्ञप्तिमा गणतन्त्र प्राप्तिका आन्दोलनमा आफ्नो जीवन बलिदान गरेका शहीदप्रति श्रद्धाञ्जलि व्यक्त गरेका हुन् । जनताले गरेको शान्तिपूर्ण जनक्रान्तिले सदियौंदेखिको सामन्ती, निरंकुश तथा एकात्मक राजतन्त्रात्मक प्रणालीको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको उल्लेख गर्दै विज्ञप्तिमा यो नेपालको राजनीतिक इतिहासमा युगान्तकारी परिवर्तन भएको बताइएको छ ।

'क्रान्तिकै बलबाट हामीले समावेशी लोकतन्त्र, समाजवाद उन्मुख संविधान र सामाजिक न्यायका उपलब्धि हासिल गरेका छौं, जनक्रान्तिकै म्याण्डेट बमोजिम हामीले संविधानसभाको निर्वाचन गर्‍यौं, संविधान निर्माण गरे पश्चात संविधान कार्यान्वयन गर्ने सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन गर्‍यौं, भरखरै मात्र पनि हामीले दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न गर्‍यौं, यी हामीले हासिल गरेका महत्वपूर्ण संरचनागत उपलब्धि हुन्' पूर्वप्रधानमन्त्री खनालद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सम्पूर्ण देशभक्त, लोकतान्त्रिक र प्रगतिशील शक्तिलाई राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता, अखण्डता र स्वाभिमानलाई अक्षुण्ण राख्न, राष्ट्रियताका पक्षमा सिंगो देशलाई एकताबद्ध बनाउन आग्रह गरिएको उक्त विज्ञप्तिमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ सुदृढ गर्न र सामाजिक-आर्थिक विकास तथा रूपान्तरणलाई तीव्र बनाउँदै वैज्ञानिक समाजवादको बाटोमा दृढतापूर्वक अगाडि बढ्न आग्रह गरिएको छ ।

# महोत्तरीका किसानलाई धानको बीउको पिरोलो

**-गोपालप्रसाद बराल**

**महोत्तरी ।** महोत्तरीमा धानको बीउ भएको छ । हिउँदे धानको बीउ राख्ने बेला भएको बेला बजारमा भरपर्दो बीउ नपाएपछि किसानको पिरोलो बढेको हो । मुख्य बाली धान ठीक समयमा रोप्न नसक्ने छाँट देखिएपछि किसान चिन्तित बनेका छन् ।

"आधा जेठ त भई नै हाल्यो, खै बीउ पाइँदैन, के गर्ने होला ?"अहिले यहाँका आम किसान यस्तै भन्छन् । स्थानीय तहको चुनावबाट जितेका प्रतिनिधिले काम सम्हाले पनि 'बीउको प्रबन्ध यहाँ गरिएको छ' कसैले नभनेका भङ्गाहा-४ का किसान मोहन खाँ थारु भन्नुभयो ।

"चुनावअघि प्रचारमा घरघर पुग्दा अब बस्तीबस्तीमै बीउ, मल सुलभ मूल्यमा व्यवस्था गरिन्छ भन्थे" भखरै सम्पन्न स्थानीयतह निर्वाचन अभियानको प्रचारप्रसार सम्झँदै उहाँ भन्नुभयो, "अहिले पद सम्हालेपछि भेट्नै सकिन्न ।" समयसमयमा परेको पानीले माटोमा धुले बीउ राख्ने चिस्यान पर्याप्त भए पनि बीउको टुङ्गो नहुँदा किसान रनभुल्ल परेका हुन् ।

यसपालि वैशाखी तरकारी हुरीबतास र पानीले पिटेर गलेको फलफूल हावाहुरीले सोत्तर पारेर झारेको पिरोलो खेपेका यहाँका किसानलाई मध्य जेठ बित्दै गर्दा धानको बीउको समस्या परेको छ । यही जेठ मध्यसम्म धानको बीउ नै नभेटिएपछि यसपालि समयमा ब्याड राख्न र रोपाँइ गर्न नभ्याइने भन्ने किसानको आशङ्का छ । असार पहिलो सातालगत्तै धानको सघन बीउ (बेर्ना) रोपाँइ सुरु हुने भए पनि अहिलेसम्म धानको बीउ जोहो नै नहुँदा यसपाली ठीक समयमा खेती लाग्न नसक्ने किसानको चिन्ता छ । "जेठ आधा त भई नै हाल्यो, धानको बीउ पाइएको छैन" जिल्लाको बलवा नगरपालिका-१० धमौराका किसान मन्सुर राइन भन्नुभयो, "यसपालि खेतीको सबै तालिका भताभुङ्ग हुनेभयो, समयमै धान रोपाँइ गर्न नपाइने भन्ने परिसक्यो ।" मध्य जेठमा धानको बीउ ब्याडमा राखी सक्नुपर्नेमा आफूहरू अझै बीउ नपाएर झोक्राउनु परेको उहाँको भनाइ छ ।

जिल्लाको मुख्य फसल (बाली) धान लगाउने टुङ्गो नभएपछि किसान घरगुजाराको चिन्ताले पिरोलिएका छन् । पहिले पहिले स्थानीय जातका धान लगाइँदा आफैंले बीउ राख्ने गरे पनि अहिले विकासे जातका धान लाउन थालिकन बीउकै लागि बजारको मुख ताक्नु परेको किसानको भनाइ छ ।

"हामीसँग आफ्नै कलमखोर, गोला, हरिणकेर, वानपाकी, जसवा र सज्जिरासहितका दर्जनौ धानका जात हुन्थे" भङ्गाहा नगरपालिका-९ हरिणमरीका ८० वर्षीय किसान जितन यादव भन्नुभयो, "विकासे जात धेरै फलाउने भनेर पुरानो धान मासियो, अहिले बीउ नपाएर सास्ती छ ।" पछिल्ला दुई दशकयता स्थानीय जातका धान लगाउन छाडेपछि प्रत्येक वर्ष ब्याडमा बीउ राख्ने बेलामा धान नपाएर गलफती पर्ने गरेको यहाँका आम किसान बताउँछन् ।

विकासे धान लगाउन थालीकन वर्षेनिजस्तो जात फेरिने गरेको किसानको अनुभव छ । जिल्लामा जिल्ला कृषि विकास कार्यालय होउज्जेल तिनका मातहतका कृषि केन्द्र र उपकेन्द्रमा कृषि प्राविधिक बस्ने र बेलाबेला खेतीबारे परामर्श लिन पाउने दिन पनि गएको किसानको गुनासो छ । "गाउँमा सिंहदरबार पुगेको कुरामात्र भयो, हाम्रा कुनै स्थानीयतहले कृषि शाखा राम्रो चलाउन सकेनन्" लगन र मेहनेतले राम्रो उत्पादन लिन जिल्लामै कहलिएका भङ्गाहा-४ कै किसान सत्यनारायण यादव भन्नुभयो, "जिल्ला कृषि विकास कार्यालय हुँदा विषय पिच्छेका विज्ञ (बाली, फलफूल, तेलहन, मत्स्य) थिए, अहिले कहाँ हराका होलान् भन्ने लाग्छ, पछिल्लोपटक गाउँमा सिंहदरबार पुऱ्याउने कुराले कृषि क्षेत्रका संरचना हटाइँदा सबै भताभुङ्ग बढ्यो ।" खेतीपातीबारे बोलाएर राय सल्लाह दिने, हेरिदिने २०७४ कै स्थानीयतहको निर्वाचन भएयता कोही नभेटिएका उहाँले विरक्तिँदै भन्नुभयो ।

जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहितका १५ स्थानीयतहमध्ये कुनैले कृषि शाखा सञ्चालन गरेर विज्ञहरूबाट किसानलाई सल्लाह दिने, बालीनाली हेरिदिने, कृषि सामग्रीको बजार व्यवस्थापन गर्ने र किसानकै गुनासो सुन्ने ठाउँ कतै नबनेको जिल्लाका आम किसानको गुनासो छ । यद्यपि गत वर्ष जिल्ला सदरमुकाम जलेश्वरमा कृषि ज्ञान केन्द्र सञ्चालनमा भने आएको छ । तर कृषि ज्ञान केन्द्र र स्थानीय तहका कृषिसम्बद्ध निकाय एवं शाखाहरूसँग समन्वय भने नभएको किसान बताउँछन् ।

"हाम्रो सुन्ने कोही छैन" विगतमा पर्सापतैली गाविस छँदा उपाध्यक्ष रहिसक्नु भएका हालको जलेश्वर सहभागिता नखोजिएको कृषि प्राविधिक र कर्मचारीको आम गुनासो छ । योजना बनाउँदा कहिल्यै नखोजिएको कृषि प्राविधिक बताउँछन् ।

"कृषि क्षेत्र पूरै बेवारिस जस्तै देखियो" विगतमा कृषि क्षेत्रमा लामो सरकारी सेवा दिएर अवकाश लिनुभएका भङ्गाहा-६ सग्रामपुरका राजकिशोर यादवले भन्नुभयो, "अहिलेको अवस्थाले कृषिक्षेत्रमा समस्या आउने देखिन्छ ।"

जिल्लामा कूल खेतीयोग्य जग्गा करिब ७० हजार हेक्टरमध्ये ५० हजार हेक्टरको हाराहारीमा धान खेती हुँदै आएको छ । अहिले बजारमा धानको बीउ नै पर्याप्त नपाउँदा किसानले पर्याप्त धान रोपाँइ गर्न नसकिने स्थिति देखिन लागेको छ ।

वैशाखी तरकारी र फलफूल हावाहुरीले झारेर सोत्तर बनाएपछि अब गुजाराको एउटै सहारा देखिने धानबाली लगाउन सक्ने अवस्था नआए भोकमरी हुने चिन्ताले किसान पिरोलिएका छन् । यो अवस्था अन्त्य गर्न अहिले तत्काल प्रदेश सरकार, स्थानीयतह र कृषिसम्बद्ध कार्यालयको समन्वय आवश्यक देखिएको विज्ञले सुझाएका छन् । (रासस)

# महिला हिंसाका घटनामा शून्य सहनशीलता अपनाउने प्रमको भनाइ

**काठमाडौं ।** प्रधानमन्त्री शेरबहादुर देउवाले महिला हिंसाका घटनामा शून्य सहनशीलता अपनाउने र लैंगिक समानताका लागि संविधानले दिएमो समावेशी समतापूलक हकअधिकार कार्यान्वयनका लागि सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बलात्कारविरुद्धको उजुरीमा हदम्याद नलाग्ने गरी कानुन संशोधनको विधेयक संसदमा चाँडै प्रस्तुत गरिने बताउँदै उनले निर्मला पन्तको हत्याका दोषीलाई पक्राउ गर्न समय लागे पनि प्रहरीले अनुसन्धान जारी राखेकाले हत्यारालाई कानूनी नियन्त्रणमा आउने विश्वास व्यक्त गरेका हुन् ।

चौथो राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा राजधानीमा आयोजित मूल समारोहको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले लैंगिक समानताका दृष्टिले नेपाल दक्षिण एशियामै अग्रणी मुलुक रहेको र महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पत्तिमा स्वामित्व वृद्धिका लागि नीतिगत र कानुनी प्रबन्ध गरिएको स्पष्ट गर्दै राज्यका सबै निकायमा महिलाको सार्थक सहभागिता र उपस्थितिका लागि पनि सरकार क्रियाशील रहेको अवगत गराएका थिए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले नेपाली महिलाले मताधिकार पाउनका लागि पनि अग्रज महिलाले सङ्घर्ष गरेर अधिकार हासिल गरेको उल्लेख गर्दै राज्यका सबै निकायमा भविष्यमा ५० प्रतिशत महिला सहभागिताका लागि लाग्नुपर्ने बताए ।

यसैगरी प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले संविधानमा समानताको हक स्थापित भए पनि अझै आमाका नामबाट नागरिकता पाउन कठिनाई भएकाले सहज प्रबन्धका लागि सरकारसँग आग्रह गरेका थिए । उनल तेजाब आक्रमणकारी विरुद्धको अध्यादेशलाई विस्थापन गर्न चाँडै कानुन ल्याउन पनि माग गरे ।

कार्यक्रममा पूर्वमन्त्री कमला पन्त, थममाया थापा, चन्दा चौधरी, राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीलगायतले शोषित, पीडित महिलाका लागि हकअधिकार व्यवहारिक रूपमा स्थापित गर्न सकेमा महिला अधिकार दिवसको सार्थकता हुने धारणा व्यक्त गरे ।

विसं २०६३ जेठ १६ गते तत्कालीन पुनर्स्थापित संसदले राज्यका सबै निकायमा ३३ प्रतिशत महिलाको सुनिश्चितत्तालगायत चार बुँदे महिला अधिकारका सवालमा संकल्प प्रस्ताव पारित भएको दिनलाई नेपाल सरकारले विसं २०७६ देखि राष्ट्रिय दिवसका रूपमा मनाउन थालेको हो ।

टोखा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
वागमती प्रदेश, नेपाल
समृद्ध टोखाको आधार, पर्यटनसहितको पूर्वाधार

## नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः
- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
**एवं टोखा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौं, नेपाल

चन्द्रागिरि नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
वागमती प्रदेश, नेपाल
समृद्ध चन्द्रागिरिको आधार, पर्यटनसहितको पूर्वाधार

## नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः
- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
**एवं चन्द्रागिरि नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, बलम्बु, काठमाडौं, नेपाल

## माओवादी...

पूर्वमहान्यायाधिवक्ता मुक्ति प्रधानले प्रशिक्षण दिने बताइएको छ।

'स्थानीय तहमा स्वास्थ्य र शिक्षा' विषयमा पार्टी स्कुल विभाग प्रमुख एवं पूर्वमन्त्री गिरिराजमणि पोखरेल, 'संघीयता र स्थानीय सरकार' विषयमा स्थानीय तहका विज्ञ डा खिमलाल देवकोटा, 'स्थानीय तह र सामाजिक न्याय' विषयमा पार्टीको स्थानीय तह विभागका प्रमुख उर्मिला अर्याल र 'स्थानीय सरकार र सुशासन' विषयमा पूर्वमुख्यसचिव लीलामणि पौड्यालले प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

दोस्रो दिन बिहानै ८ बजेदेखि सुरु हुने प्रशिक्षण कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले 'आर्थिक वर्ष २०७९/८० को सरकारको नीति तथा कार्यक्रम र बजेट', राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले 'स्थानीय तहको नीति, योजना र कार्यक्रम', पूर्वमन्त्री एवं पार्टीको श्रम, अर्थ तथा योजना विभागका प्रमुख वर्षमान पुनले 'स्थानीय अर्थतन्त्रको निर्माण र नेपाली विशेषताको समाजवाद', चार्टर्ड एकाउन्टेन्ट चन्द्रकान्त भण्डारीले 'स्थानीय तहको लेखा प्रणाली'बारे प्रशिक्षण दिनेछन्।

'स्थानीय तहको बजेट निर्माण' विषयमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, 'स्थानीय तहको विद्यालय शिक्षण सिकाइ', विषयमा सुलभ बुढाथोकी, 'स्थानीय तहमा विज्ञान प्रविधिको प्रयोग' विषयमा पार्टीको विज्ञान तथा प्रविधि विभागका प्रमुख एवं पूर्वमन्त्री गणेश साह, 'स्थानीय तहमा सूचना प्रविधि' विषयमा डा शैलेन्द्र गिरी र 'स्थानीय तहमा वन, वातावरण र विपद् व्यवस्थापन' सम्बन्धमा पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले प्रशिक्षण दिने कार्यक्रम रहेको समेत माओवादी केन्द्रले जानकारी दिएको छ।

कार्यक्रममा अघिल्लो कार्यकालमा उत्कृष्ट काम गरेका प्रत्येक प्रदेशबाट एक/एक स्थानीय तहका प्रमुखले अनुभव आदानप्रदान गर्ने कार्यक्रम अन्तर्गत प्रदेश नं १ को थुलुङ दूधकोशी गाउँपालिकाका अध्यक्ष असिम राई, मधेसको बागमती नगरपालिकाका प्रमुख भरत थापा, बागमती प्रदेशको भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल, गण्डकीको बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्ट, लुम्बिनीको धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेल, कर्णालीको दार्मा गाउँपालिकाका अध्यक्ष नीमबहादुर केसी र सुदूरपश्चिम प्रदेशको अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद भट्टलगायतले आ-आफ्ना अनुभव आदानप्रदान गर्नेछन्।

यसअघि पनि विसं २०७४ को निर्वाचनबाट विजयी जनप्रतिनिधिलाई तीन दिने प्रशिक्षण दिएको भए पनि यस पटक भने त्योभन्दा परिमार्जित ढंगबाट प्रशिक्षणको आयोजना गरिएको माओवादी केन्द्रको दावी छ। 'अघिल्लो पटक सामान्य विषयमा मात्र प्रशिक्षण दिइएको थियो, यसपटक हामीले विषयको गहिराइमा पुगेर प्रशिक्षण दिँदैछौं' मुख्यसचिव ढकालले भने।

'माओवादीबाट निर्वाचित जनप्रतिनिधिले अनियमितता गर्न पाइएन, बेरुजु हुन भएन, सुशासन कायम गर्नुपर्‍यो, शिक्षा, स्वास्थ्य, रोजगार, उत्पादन र बजारीकरणमा उत्कृष्टता हासिल गर्नुपर्‍यो' ढकालले थपे 'समाजवादको आधार तयार गर्नमा माओवादीका निर्वाचित प्रतिनिधि देशभर दोस्रो हुनुहुँदैन भन्ने प्रशिक्षणको मुख्य उद्देश्य हो।'

प्रशिक्षण जनप्रतिनिधि जनताको सेवक बनेर काम गर्नुपर्छ भन्ने विषयमा प्रेरित गर्न आयोजना गरिएको भन्दै विगतका निर्वाचित केही जनप्रतिनिधिले सुशासन, सेवा प्रवाह, बेरुजु फछ्र्योट, विकास निर्माणमा उल्लेखनीय काम गरेका र अब पनि त्योभन्दा राम्रो गर्नुपर्‍यो भन्ने पार्टीको धारणा रहेको उनको भनाइ थियो। अब माओवादीबाट निर्वाचित सबै जनप्रतिनिधिले जनताको सेवकका रूपमा राम्रो काम गर्नुपर्ने र राम्रो काम गर्न पार्टीभित्रै प्रतिस्पर्धा हुनपर्ने तथा सबैले 'रोल मोडल' देखाउन सक्नुपर्ने प्रशिक्षणको उद्देश्य रहेको उनले बताए।

पार्टीका जनप्रतिनिधिले गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गर्न माओवादीले जनप्रतिनिधिले प्रत्येक चार/चार महिनामा प्रगति समीक्षा सहितको प्रतिवेदन पार्टीमा पेश गर्नुपर्ने नीति लिएको समेत मुख्यसचिव ढकालले जानकारी दिए।

## गणतन्त्रको...

पहिलो प्रधानमन्त्रीका रूपमा मुलुकको नेतृत्व गरिसकेको अध्यक्ष दाहालले जनयुद्ध, संयुक्त जनआन्दोलन, मधेस आन्दोलनलगायत संघर्षका क्रममा प्राणको आहुति दिने सहिदप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन्। उनले आन्दोलनका क्रममा बेपत्ता र घाइते भएका योद्धामा उच्चसम्मान व्यक्त गरे।

गणतन्त्र दिवसका दिन नेपाली जनताको सदियौंदेखिको संघर्षको परिणाम स्वरूप निरंकुश सामन्ती राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा भएको दिन हो भन्दै अध्यक्ष दाहालले नेपाली समाजको अग्रगामी परिवर्तनको यस अभियानकै क्रममा संविधानसभाबाट संविधान निर्माण गरी मुलुक समृद्धिको यात्रामा अगाडि बढिरहेको बताए।

संविधान कार्यान्वयनका क्रममा देखापरेका अलोकतान्त्रिक, असंवैधानिक र निरंकुश प्रवृतिलाई पनि संर्घषकै बलमा पराजित गरेर यहाँसम्म आइपुगेको उल्लेख गर्दै अध्यक्ष दाहालले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने क्रममा देशव्यापी रूपमा एकैसाथ उत्साहजनक रूपमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको चर्चा गरे।

निर्वाचनमा हारजीतभन्दा पनि संविधान कार्यान्वयन गर्ने र लोकतन्त्रलाई समृद्ध बनाउने अग्रगमनको प्रक्रिया विजयी बनेकामा आफूहरू हर्षित रहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले निर्वाचनमा विजयी जनप्रतिनिधि एवं सहभागी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा आभार प्रकट गरेका थिए।

गणतन्त्र दिवसकै अवसरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल प्राप्ति सामान्य नभएर युगान्तकारी परिवर्तन र ऐतिहासिक घटनाक्रम भएको बताएका छन्। गणतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै गणतन्त्र नेपालको स्थापनाका लागि नेपालीहरूको महत्वपूर्ण त्याग, तपस्या र बलिदानबाट मात्रै सम्भव भएको बताए।

सन्देशमा सबैको मेहनत, योगदानबाट आएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझै बलियो र मजबुत बनाउँदै लैजानु सबै नेपालीहरूको कर्तव्य र अधिकार रहेको उल्लेख गरिएको छ- 'गणतन्त्र नेपालको स्थापनासँगै गणतन्त्रको जगमा संविधान जारी भई संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, सामाजिक न्यायसहितको समानुपातिक समावेशी शासन व्यवस्थालगायत बलिदानीपूर्ण सङ्घर्षबाट नेपाली जनताले प्राप्त गरेका अधिकारहरू संस्थागत भएकाले आफ्ना अधिकारहरूलाई संस्थागत गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालप्रति गौरव गर्न प्रदेशवासीमा अपिल गर्दछु।'

शुभकामना सन्देशमा गणतन्त्र नेपालको जगमा जारी संविधानमा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध प्रदेश एवं राष्ट्र निर्माण गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने सङ्कल्प गरेको जनाइएको छ।

विज्ञप्तिमा विगतका राज्यव्यवस्थाले सृजना गरेका वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिकलगायतका सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरणमार्फत लाभको न्यायोचित वितरणलाई प्रदेश सरकार दृढ सङ्कल्पित रहेको पनि उल्लेख गरिएको छ।

**सर्पको टोकाइबाट बचौं र बचाऔं !**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेको व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,
- आफ्नो सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## विश्वभर खाद्यान्न अभाव हुने राष्ट्रसंघको चेतावनी

**काठमाडौं ।** रूस र युक्रेनका बीचमा जारी रहेको द्वन्द्वका कारण विश्वमा नै खाद्यान्न अभावको समस्या उत्पन्न हुनसक्ने संयुक्त राष्ट्रसंघले चेतावनी दिएको छ। संयुक्त राष्ट्रसंघले केही समयदेखि नै विश्वमा खाद्यान्नको अभाव रहेको भन्दै हाल रुस र युक्रेनको द्वन्द्वले गर्दा यो समस्या झन् बढ्न सक्ने बताएको हो।

द्वन्द्वप्रभावित क्षेत्रमा मात्र नभई खाद्य असुरक्षाको अवस्था संसारभर फैलिन पनि सक्ने चेतावनी संयुक्त राष्ट्रसंघले दिएको छ। राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले बुधबार स्टकहोल्ममा यस्तो बताएका थिए।

सोही दिन महासचिव गुटेर्रेसले स्वीडेनका प्रधानमन्त्री माग्दालेना एन्डर्सनसँग भेटवार्ता गर्दै विश्वमा बढ्दो खाद्य असुरक्षाका बारेमा कुराकानी गरेका थिए। उनले रूस युक्रेन द्वन्द्व र महामारीपछिको युरोपका बारेमा कुराकानी गरेका थिए।

## उच्च क्षेत्रमा उत्पादन हुने कालीमार्सीको रोपाइँ सुरू

**जुम्ला ।** जिल्लास्थित उच्चस्थान पातारासी गाउँपालिकाको छुमचौरमा उच्च स्थानमा धान उत्पादन हुने कालीमार्सी धान रोपाइँ सुरु भएको छ। दुई हजार आठ सय मिटर अग्लो त्यसक्षेत्रमा आठ प्रकारका सुधारिएको कालीमार्सी धान रोपिएको छ।

कालीमार्सी धान संरक्षण तथा प्रवर्द्धनकर्ता कलीमान महताराका अनुसार २०२१ सालदेखि सो स्थानमा धान रोपिएको हो। चन्दननाथ मन्दिरको शेरा जिउलाबाट धानको बेर्ना ल्याएर छुमचौर जिउलोमा रोपाइँ सुरु भएको हो। धानबालीमा परिश्रम धेरै गर्नुपर्ने, घेराबारको व्यवस्था नभएको, सिँचाइ सुविधा नभएको र धान रोपाइँ हुने मौसम र पाटनमा यार्सा सङ्कलनको मौसम एउटै पर्ने भएकाले विस्तारै रोपाइँ गर्न छोडिएको थियो। कालीमार्सी धान संरक्षण तथा प्रवर्द्धनकर्ता महताराले कालीमार्सी धानको महत्वका विषयमा बुझ्दै गएपछि अहिले दुईसय रोपनी जति क्षेत्रफलमा रोपिएको बताए।

कृषि अनुसन्धान केन्द्रको आयोजना र कृषि विकास कार्यालय जुम्लाको समन्वयमा रोपाइँ गरिएको कृषि विकास कार्यालय जुम्लाका प्रमुख गणेशबहादुर अधिकारीले जानकारी दिए। गत वर्ष कारोनाका कारण हुन नसकेको रोपाइँ यस पटक धुमधामसँग भइरहेको स्थानीले बताए।

## सुर्तीजन्य पदार्थको सेवन : विश्वमा वर्षभर ८० लाख मानिसको मृत्यु

**काठमाडौं ।** सुर्तिजन्य पदार्थको सेवनबाट विश्वभर वर्षमा ८० लाख मानिसले ज्यान गुमाउने गरेको तथ्यांकले देखाएको छ। सोही कारण नेपालमा मात्रै वर्षेनी झन्डै २७ हजार मानिसको मृत्यु हुने गरेको उल्लेख गरिएको छ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनिलराज शर्माले जारी गरेको एक विज्ञप्तिमा नेपालमा हरेक वर्ष २७ हजार १३७ मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको उल्लेख गरिएको छ। जुन संख्या नेपालको जम्मा मृत्युको करिब १५ प्रतिशत हो।

विश्वमा वार्षिक ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनको कारण हुने र जसमध्ये ७० लाख प्रत्यक्ष सुर्तीजन्य पदार्थको सेवन र १२ लाखसँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने तथ्यांकले देखाएको छ।

सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर, मुटु रोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह रोग लाग्ने गर्दछ। सुर्तीजन्य पदार्थको असरलाई न्यूनीकरण गर्न नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी ऐन, कानुन र निर्देशिका पारित भई लागू भइसकेको जनाइएको छ ।

'आम जनताको सु-स्वास्थ्य सुनिश्चित गर्न, सुर्तीजन्य पदार्थ नयाँ सेवनकर्ताको दरमा कमी ल्याउन र अमलीहरूलाई लतबाट छुटाउन विभिन्न अभियान र कार्यक्रमसमेत भइरहेका छन्' सोही विज्ञप्तिमा उल्लेख छ 'तर सुर्ती उद्योगको हस्तक्षेप र उनीहरूको रणनीतिले चुनौती भने यथावत नै रहेको अवस्था छ। हाल प्रचलित ई-सिग्रेट, सिसा, हुक्कालगायतका सुर्तीजन्य पदार्थका आधुनिक र परिस्कृत रूपलाई समेट्ने गरी वृहत तरिकाले कार्यक्रम सञ्चालन गर्न समेत आवश्यक देखिन्छ।'

'सुर्तीजन्य पदार्थ त्यागौं, स्वास्थ्य र वातावरण जोगाऔं' भन्ने नाराका साथ हेरक वर्ष मनाउने गरेको सुर्तीजन्य पदार्थरहित दिवस यस वर्ष पनि मनाइएको छ। सुर्तीजन्य पदार्थको सेवनले मानव स्वास्थ्यमा मात्र नभइ सबै वातावरणमा नै असर गर्ने भएकोले यसलाई त्याग्नु वा सेवन नगर्नु नै सबैभन्दा उत्तम उपाय रहेको उल्लेख गर्दै सोही विज्ञप्तिमा सुर्तीजन्य पदार्थले प्रत्यक्षरूपमा मानिसको स्वास्थ्यमा असर गर्नुको साथै वातावरणमा पनि गम्भीर असर गर्ने गरेको बताइएको छ।

सुर्तीजन्य पदार्थको खेती, उत्पादन, सेवनका कारण निम्त्याउने वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न सुर्तीजन्य पदार्थरहित दिवसलाई वर्षैभरि अभियानको रूपमा सञ्चालन गर्नुपर्ने उनको भनाइ रहेको छ। सुर्तीजन्य पदार्थको खेती र उत्पादन गर्ने क्रममा, प्रयोग/सेवन गर्दा र प्रयोग पश्चातका फोहोरले पानीका स्रोत, माटो, वायु र सहर नै प्रदूषित भइरहेको अवस्था छ।

विश्वमा हरेक वर्ष ३५ लाख हेक्टर जमिन सुर्ती खेतीका लागि नष्ट गरिन्छ। सुर्ती खेतीका कारण वन फँडानी हुने र माटोको उपादकत्वमा समेत ह्रास हुने गरेको पाइएको छ। 'सुर्तीजन्य पदार्थको उत्पादनका क्रममा निस्कने विभिन्न विषाक्त ग्यासका कारण जलवायु परिवर्तन पनि भइरहेको बताइएको छ' भन्दै विज्ञप्तिमा उल्लेख गरिएको छ- 'त्यसैले सुर्तीजन्य पदार्थको उत्पादन र सेवन दुबै कुरालाई निरुत्साहित गर्नु अति नै आवश्यक छ।'

विश्वमा उत्पादन गरिने सुर्तीजन्य पदार्थमध्ये ९० प्रतिशत विकोसोन्मुख देशमा उत्पादन गरिन्छ। न्यून तथा मध्यम वर्गीय देशका किसान तथा सरकारले सुर्तीजन्य पदार्थ उत्पादनलाई राम्रो आयस्रोतको रूपमा लिएको देखिए पनि उनीहरूले भविष्यमा यसले निम्त्याउने गम्भीर समस्या जस्तैः खाद्य असुरक्षा, रोग, गरिबी र वातावरणीय असरबारे भने सचेत नभएको सोही विज्ञप्तिमा चर्चा गरिएको छ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं